Regd. No.: 153639/073/074

# Panchthar Power Company Ltd.

प.सं.०८२/०८३ मिति २०८२/०८/१९

च.नं.५२

श्री नेपाल धितोपत्र बोर्ड ।

खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरवार प्लाजा,काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

पुतलिसडक ,काठमाण्डौ ।

**विषय : दशौं बार्षिक साधारण सभाको सुचना प्रकाशन गरिने वारे ।**

महेदय,

प्रस्तुत विषयमा यस पाँचथर पावर कम्पनि लिमिटेडको आ.व २०८१/०८२ को दशौं बार्षिक साधारणसभा मिति २०८२ पौष १३ गते ११ बजे होटल इम्पेरीयल बतिसपुतलिमा संचालन गरिने कुराको जानकारी गराउदै उक्त सभाको सुचना राष्ट्रियस्तरको दैनिक राजधानी पत्रिकामा प्रथम पटक मिति २०८२ मंसिर २१ गते प्रकाशित गरिने भएकोले सो सुचनाको मस्यौदा यसै पत्र साथ संलग्न गरि पेश गरिएको ब्यहोरा जानकारी को लागी अनुरोध गरिन्छ साथै दशौं **बर्षिक साधारणसभा गर्ने प्रयोजनका लागी मिति २०८२/०९/०४ गते एक दिन कम्पनिको शेयर धनि दर्ता किताव वन्द रहने** ब्यहोरा समेत जानकारीको लागी अनुरोध गर्दछु ।

**बोधार्थ:**

श्री सानिमा क्यापिटल लिमिटेड
नक्शाल,काठमाण्डौ ।

सुन्दर मणि सुवेदी
कम्पनी सचिव

Lalitpur-15, Hattiban, Nepal 977-1-5251003 977-1-5251004 ppchewa@gmail.com

# पाँचथर पावर कम्पनि लिमिटेड
# Panchthar Power Company Limited
हात्तिवन, ललितपुर, फोन नं.०१-५२५१००३, ०१-५२५१००४
Email : ppchewa@gmail.com, website: www.ppcl.com.np


## दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२१ गते आईतवार)**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

**यस कम्पनीको मिति २०८२ साल मंसिर १८ गते अपरान्ह ४ वजे बसेको सञ्चालक समितिको बैठकको** निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको १० (दशौं) बार्षिक साधारणसभा देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सुचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान :**

**मिति : बि.सं.२०८२ साल पौष १३ गते (तदनुसार डिसेम्वर २८, २०२५) आईतवार ।**
**समय : विहान ११:०० बजे ।**
**स्थान :** होटेल इम्पेरियल, **बत्तिसपुतली, काठमाण्डौ ।**

२. **छलफलका विषयहरू:**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको दशौं वार्षिक (आर्थिक वर्ष २०८१/०८२) प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२. लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
४. विविध:

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. दशौं बार्षिक साधारणसभा प्रयोजनका लागी मिति **२०८२/०९/४** गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति **२०८२/०९/०३ गतेसम्म** कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिनको लागि योग्य हुनेछन् ।
२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको व्यवस्था वमोजिम सभाका लागी आवश्यक गणपुरक संख्या पुरा भए पश्चात सभाको कार्यवाही अगाढी बढाइनेछ ।
३. आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा

कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. .०१-५२५१००३, ०१–५२५१००४ मा वा कम्पनीको आधिकारिक ईमेल: ppchewa@gmail.com मा सम्पर्क गरी नाम टिपाउनु हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

४. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वत: बदर हुनेछ ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

६. एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता गरेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

७. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ ।

८. वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ । साथै, अन्य थप जानकारी कम्पनीको वेवसाइट **www.ppcl.com.np** मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ ।

संचालक समितिको निर्णयानुसार
कम्पनी सचिव